# द्वन्द्वप्रभावित व्यक्ति-परिवार र समुदाय लक्षित परिपूरण सम्वन्धी सम्पन्न कार्यशालावारे रिपोर्ट

मिति: २०६६।१।९
समय: विहान ८:००-१४:३० सम्म
स्थान: अन्नपूर्ण होटल, काठमाडौं

शान्ति तथा पुनर्निर्माण मन्त्रालय राहत तथा पुनर्स्थापन इकाई र इन्टरनेशनल सेन्टर फोर ट्रान्जीस्नल जस्टीसको संयुक्त आयोजनामा काठमाडौमा द्वन्द्वप्रभावित व्यक्तिहरुका लागि परिपूरण कार्यक्रम विषयक एक दिने कार्यशाला सम्पन्न भयो । कार्याशालको प्रारंभ मन्त्रालयका निमित्त सचिव दुर्गानिधि शर्माले परिपूरणको महत्व र नेपाल सरकारले संक्रमणकालीन न्यायका लागि गरेका प्रयत्नहरुको चर्चा गर्नु भयो । श्री शर्माले एक दिने परिपूरण सम्बन्धी कार्यशालाको महत्व र आवश्यकक्ता बारे पनि प्रकाश पार्नु भयो । कार्यशालामा मन्त्रालयका सूचना तथा मानवअधिकार महाशाखा प्रमुख मधु रेग्मीले संक्रमणकालीन न्यायका सन्र्दभमा मन्त्रालयले सम्पादन गरेका महत्वपूर्ण संयन्त्रगत र कानून सम्बन्धी विषयमा प्रकाश पार्नु भयो । वहाँले हालै व्यक्ति वेपत्ता पार्ने (कसुर र सजाय) सम्बन्धी अध्यादेश, २०६५ जारी भएको र यस अर्न्तगत गठन हुने आयोगका अध्यक्ष एवं सदस्यहरु चयनका लागि कानूनी प्रयास भइरहेको बताउनु भयो । सत्यनिरुपण तथा मेलमिलाप आयोगको विधेयक मस्यौदा उपर क्षेत्रिय स्तरको परामर्श सम्पन्न भई राष्ट्रिय स्तरमा परामर्शको क्रम जारी भएको वारे चर्चा गर्नु भयो । संक्रमणकालमा द्वन्द्वपीडित एवं सर्वसाधारणको हित र न्यायका लागि यी दुवै कानूनी संयन्त्रको महत्ववारे प्रकाश पार्दै संक्रमणकालको यस अवस्थामा परिपुरणको आवश्यकक्ता र महत्व वारे कार्यशालाले महत्वपूर्ण निर्श्कष निकाल्ने पनि आशा व्यक्ति गर्नु भयो । द्वन्द्वप्रभावित व्यक्ति लक्षित राहत, परिपूरण र संक्रमणकालीन न्याय बारे राष्ट्रिय, अन्तराष्ट्रिय अनुभव आदन प्रदानको महत्व र औचित्य वारे चर्चा गर्नु भयो ।

कार्यशालामा राहत तथा पुनर्स्थापन इकाईका का.मु. विभागीय प्रमुख गणेश प्रसाद उपाध्यायले नेपाल सरकारले द्वन्द्वप्रभावित व्यक्तिका आवश्यक्ता सम्वोधन गर्न सम्पादन गरेका कार्य राहत, आर्थिक सहायता तथा पुनर्निर्माण जस्ता कार्यक्रम समेटिएका कार्यपत्र प्रस्तुत गर्नु भयो । कार्यपत्रमा द्वन्द्वप्रभावित भएका व्यक्तिको तथ्याङ्क संकलन, पहिचान र राहत प्रदानको प्रकृया पद्धति र संयन्त्र वारे उल्लेख भएको थियो । कार्यपत्रमा देहायका राहत कार्यक्रमको कार्यान्वय संयन्त्र कार्यान्वयन स्थिती एवं प्रगति वारे चर्चा भएकोथियो ।

- विगत दशवर्षे द्वन्द्वका क्रममा मृत्यूभएका विभिन्न जिल्लाका १४९९८ जना व्यक्तिका हकदारलाई उपलब्ध गराइने आर्थिक सहायता
- द्वन्द्वका क्रममा बेपत्ता पारिएका ५८ जिल्लाका १०२७ जना व्यक्तिका हकदारलाई तत्कालका लागि उपलब्ध गराइएको राहत ।
- सर्वसाधारण मृतकका विधवालाई उपलब्ध हुने आर्थिक सहायता एवं बालबालिकालाई प्रदान गरिएको छात्रावृति ।
- जनआन्दोलन भाग-२ का क्रममा मृत्यू भएका, घाइते वा अपाङ्ग भएका व्यक्ति वा निजका सन्ततिलाई प्रदान भएको मासिकवृति ।
- द्वन्द्वका क्रममा अपरहरणमा परेकालाई आर्थिक सहायता
- द्वन्द्वप्रभावित व्यक्ति वा सन्तानका लागि उपलब्ध हुने निःशुल्क सीपमूलक तालीम
- द्वन्द्वका कारण क्षति भएको व्यक्तिगत सम्पत्ति क्षतिको क्षतिपूर्ति, राहत एवं आर्थिक सहायता ।
- द्वन्द्वप्रभावित व्यक्तिलाई राहत आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी संयन्त्र, मापदण्ड निर्देकिा वारे ।
- द्वन्द्वका क्रममा क्षतिभएका सार्वजनिक संरचनाहरुको पुनर्निर्माण, नमूना वस्तिविकास र स्मारक निर्माण आदी ।

इन्टरनेशनल सेन्टर फोर ट्रन्जीस्नल जस्टीस एशिया प्रशान्त क्षेत्रका परिपूरण विषय हेर्ने वरिष्ठ अधिकृत रुवेन कारान्जाले द्वन्द्वप्रभावित व्यक्तिहरुलाई उपलब्ध हुने परिपूरण विषयको सैद्धान्तिक अवधारण, परिपूरणको प्रकार कार्यान्वयका चुनौति यस्को विभिन्न देशमा भएका अभ्यास र आवश्यक्ता वारे चर्चा गर्नु भयो । यस अवसरमा द्वन्द्वोत्तर अवस्थाका मुलुक कोलम्बिया, टिमोर, चिली र पेरुमा संचालित परिपूरणका कार्यक्रम तथा सत्यनिरुपण आयोग र यस्का सिफारिस एवं अभ्यास वारे छलफल भएको थियो । वहाँले नेपालमा संक्रमणकालीन न्यायका लागि भएका प्रारंभिक प्रयासको विश्लेषण गर्दै यसको सह्राहना पनि गर्नु भयो ।

संचालित एकदिने कार्यशालाको निश्कर्ष देहाय बमोजिम रहयो ।

- द्वन्द्वप्रभावित व्यक्तिहरुको आवश्यक्ता पहिचानगरी राहत, आर्थिक सहायता जस्ता परिपूरण जन्य कार्यक्रम योजनाबद्ध र समन्वयात्मक ढंगले संचालन गरिनु पर्दछ ।
- द्वन्द्वप्रभावितहरुका लागि राहत एवं आर्थिक सहायता संक्रमणकालीन न्यायको एक महत्वपूर्ण पक्ष हो ।

- परिपूरण, राहत जस्ता कृयाकलाप शान्ति स्थापना प्रकृयाको एक अध्याय हो ।
- संक्रमणकालीन न्याय स्थापित गर्न उपयुक्त कानूनी औजार र संयन्त्र तयार गरिनु पर्दछ ।
- द्वन्द्वप्रभावित व्यक्ति-परिवार र समूदाय समग्रलाई समेटने, संवोधन गर्ने कार्यक्रमहरु क्रमसः प्रभावकारी हुदै जान्छन् ।
- द्वन्द्वप्रभावित व्यक्तिलाई लक्षित गरिएका राहत, परिपूरण कार्यक्रम राज्यका तर्फबाट सांकेतिक एवं सम्मानका खातिर पनि हो ।
- नेपालमा संचालित राहत, आर्थिक सहायता लगायत पुनर्निर्मांण कार्यक्रमले परिपूरण जस्ता संक्रमणकालीन न्यायको अन्तरबस्तुलाई समेट्ने प्रयास गर्नु पर्दछ ।

कार्यशालामा शान्ति तथा पुनर्निमाण, अर्थ, गृह, स्थानीय विकास, श्रम तथा यातायात, शिक्षा, स्वास्थ्य तथा जनसंख्या, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यलय, शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, राहत तथा पुनस्थापन इकाईका गरी ३० जना अधिकृतहरुको सहभागिता थियो । कार्यपत्र प्रस्तुति पश्चात संक्रमणकालीन न्याय, परिपूरण, मौजुदा राहत एवं आर्थिक सहायता, पुनर्निर्माण लगायत विषयका महत्वपूर्ण मुद्दाहरुमा व्यापक छलफल भएको थियो ।